सुनिलस्मृति गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/०६/०८

सुनिलस्मृति गाउँपालिकाबाट आ.व. २०८२/८३ मा सार्वजनिक जानकारीको रुपमा प्रकाशित हुने सूचना राष्ट्रियस्तरका दैनिक पत्र पत्रिकामा प्रतिस्पर्धात्मक मूल्यमा प्रकाशित गर्न चाहने कम्पनी फर्म तथा विज्ञापन एजेन्सिले सिलबन्दी दरभाउपत्रद्धारा छनौट गर्नको लागि तपसिल बमोजिम सिलबन्दी बोलपत्र आह्वान गरिएको छ, इच्छुक दरभाउपत्रदाताहरुले PPMO को website:http://www.bolpatra.gov.np मा गई e-bidding मार्फत कार्यालयले तोकेको शर्तहरुको अधिनमा रहि BOQ फाराममा राष्ट्रिय दैनिकको सादा पृष्ठमा प्रकाशित हुने सूचना प्रति सी.सी. (साइज) न्यूनतम मूल्य अंक र अक्षर दुवैमा भरी पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम रु. | दरभाउ पत्र दस्तुर रु. | दरभाउ पत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउ पत्र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 1 | SSRM-SQ-01-2082-83 | Request for Advertisment Rate for Notice publication in National Daily Newspapers | 37,500/- | 1000/- | 2082-06-23 दिउँसो 12.00 | 2082-06-23 दिउँसो 13.15 |

नोटः वोलपत्र सम्बन्धीशर्तहरु र विस्तृत जानकारी गाउँपालिकाको वेभसाइट www.sunilsmritimun.gov.npवाट प्राप्त गर्न सकिनेछ।

२०८२।०६।०८

प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"

ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.npवेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

दोश्रो पटक प्रकाशित मिति: २०८२/०६/०८

दरभाउपत्र सम्बन्धी शर्तहरु:

१. यस कार्यालयबाट सार्वजनिक जानकारीको लागि प्रकाशित सूचनाहरु (खरिद सम्बन्धि सूचना, विज्ञापन र अन्य ) न्यूनतम दररेटमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने भएकाले उक्त कार्य सिलवन्दी दरभाउपत्र द्वारा गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा कार्यालय समयभित्र दरभाउपत्र फाराम दस्तुर रु १०००। (अक्षरुपी रु एक हजार मात्र) ग्लोवल आइ एम ई बैंक सुलिचौर शाखामा रहेको आन्तरिक राजश्व खाता नं ८२०४०१००००१८ जम्मा गरि चालु आ व का लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र आयकर दर्ता तथा मू अ कर दर्ता प्रमाणपत्र आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र संलग्न गरि दरभाउपत्र फाराम खरिद गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सिहरुलाई यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र फाराम सुनिलस्मृति गाउँकार्यपालिकाको कार्यालयको **website:sunilsmritimun.gov.np** मा हेर्न सकिनेछ ।

२. आ व २०८२।०८३ को असार मसान्तसम्म एकद्वार प्रणाली (one door system) मार्फत राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ सादा प्रतिमा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक फर्म कम्पनी तथा विज्ञापन एजेन्सिहरुलाई यो सूचना प्रकाशित गरिएको छ।

३. दरभाउपत्र फारममा उल्लिखित राष्ट्रिय दैनिकको सादा पृष्ठमा प्रकाशित हुने सूचना प्रति सी सी (साइज) न्यूनतम मूल्य अंक र अक्षर दुवैमा खुलाउनुपर्नेछ । जुन कवोल कर्ताको अंक घटी हुन्छ सो कवोलकर्ताको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिनेछ।

४. सिलवन्दी दरभाउपत्र पेस गर्ने दरभाउपत्र दाताले ग्लोवल आइ एम इ बैंक लिमिटेड सुलिचौर स्थित धरौटी नं ८२०४०१००००००४ मा बिडबन्ड बापत रु ३७५००/- जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनसम्म म्याद भएको बैंक जमानत (विडवन्ड सक्कल प्रति) पत्र संलग्न गरि पेश गर्नुपर्नेछ । बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन वमोजिम फिर्ता गरिनेछ । सिलवन्दि दरभाउपत्र पेस गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सहि छाप नभएको एउटाको नाममा खरिद गरि अर्को नाममा दर्ता गरेको र कुनै पनि सर्त राखि पेश भएको दरभाउपत्र मान्य हुनेछैन ।

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२०८२/०६/०८

५. यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२ वजेसम्म ppmoको website http://www.bolpatra.gov.np मा गई e-bidding मार्फत दरभाउपत्र पेश गर्नुपर्नेछ ।

६. रित नपुगि पेश भएका दरभाउपत्र उपर कुनै पनि कारवाहि हुने छैन ।कारण जनाइ वा नजाइ वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

८. एकआपसमा मिलेपतो गरि दरभाउपत्र दाखिला गरेको पाइएमा त्यस्तो दरभाउपत्र स्विकृत गरिने छैन।दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्रदाताको आधिकारीक व्यक्तिको सहि र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ।सिलवन्दी दरभाउपत्र पेस गर्ने दरभाउपत्र दाताको फर्म वा कम्पनी अनिवार्य रुपमा विज्ञापन वोर्डमा दर्ता भएको हुनुपर्नेछ।

९. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ । विस्तृत जानकारीका लागि यस सुनिलस्मृति गाउँकार्यपालिकाको कार्यालय सुलिचौर रोल्पामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।

सुनिलस्मृति गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुलिचौर, रोल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

२०८२/०६/०८

प्रमुख प्रशासकीय अधिकृत

## BOQ Format

आ.व.२०८२/८३ को लागि सुनिलस्मृति गाउँपालिकाको कार्यालयबाट प्रकाशित हुने सार्वजनिक खरिद तथा अन्य कार्यालयले तोकेका प्रकाशित गरिने सूचनाहरु न्यूनतम दररेटमा (मू अ कर वाहेक) राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्ने भएकाले उक्त कार्य गर्न चाहने फर्म कम्पनी तथा विज्ञापन एजेन्सिहरुले भर्ने दरभाउपत्र फाराम।

| क सं | राष्ट्रिय दैनिक पत्रिकाको नाम र विवरण | कवोल अंक मू ह कर वाहेक प्रति सि सि रु | | कै |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

दरभाउपत्रको शर्तहरुबारे यस गाउँपालिकाबाट मिति २०८२/०६/०८ गते प्रकाशित सूचनाका शर्तहरु मलाई पूर्ण जानकारी छ । सो शर्तहरु पालना गर्न म पूर्ण रुपमा मञ्जुर छु।

<u>दरभाउपत्र पेश गर्ने फर्म कम्पनी तथा विज्ञापन एजेन्सीको</u>

नाम:

दस्तखत:

सम्पर्क नं:

छाप:

मिति: